# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बज्रबाराही, चापागाउँ, ललितपुर
**बाग्मती प्रदेश, नेपाल**

फोननं. /फ्याक्स::०१-५५७२५९२


# कार्यालय मालसामान कम्प्युटर तथा ईलेक्ट्रोनिक्स, फर्निचर फिक्चर, सरसफाई तथा किचेन, छपाई तथा स्टेशनरी खरिद सम्बन्धी सिलबन्दी

# बोलपत्रको सूचना

**सिलबन्दी दरभाउ पत्र नं. ०१ /२०७७/०७८**

**प्रथम पटक प्रकाशित मिति २०७७।०६।१५**

आ.ब. २०७७।०७८ को वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको कार्यालय, मातहतका शाखाहरु, महाशाखाहरु र १४ वडाहरुमा आबश्यक पर्ने कार्यालय मालसामान (**कम्प्युटर तथा ईलेक्ट्रोनिक्स, फर्निचर फिक्चर, सरसफाई तथा किचेन, छपाई र स्टेशनरी**) सम्बन्धी सामाग्रीहरु सिलवन्दी बोलपत्रको माध्यमद्वारा प्याकेज वाईज खरिद गर्नको लागि यो बोलपत्र आव्हान गरिएको छ ।

१. राष्ट्रिय राजधानी दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र रू. ३,०००।- ( अक्षेरुपी तीन हजार रुपैंया) फिर्ता नहुने गरी नगद वुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समयभित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयंबाट बोलपत्र खरिद गर्न सक्नेछन् । बोलपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७६/७७ का लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपी र आ.ब. २०७५।७६ को कर चुक्ता गरेको प्रमाणका साथै आवश्यक कागजातका प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिद गर्न निवेदनसाथ पेश गर्नुपर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिनको ५:०० बजे सम्म खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस कार्यपालिकको स्टोरशाखामा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरू ३१ औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलबन्दी बोलपत्र दर्ता गर्दा जमानत वापत बोल कबोल रकम उल्लेखित बमोजिमको ३ प्रतिशतले हुन आउने रकम गोदाबरी नगरपालिकाको नाममा रहेको एन.आई.सि.एशिया बैंक सातदोबाटो शाखा, ललितपुरमा रहेको धरौटी खाता नं. ४१४१४९७८६५५२४००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा बोलपत्रको मान्य अवधिबाट थप ३० दिन गरी १२० दिन म्याद भएको बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी बोपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि सार्वजनिक खरिद ऐन, २०६३ दफा २७ उपदफा (४) बमोजिम धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. बोलपत्रदाताले कवोल गरेको प्याकेजवाईज आफूले कवोल गर्न चाहेको प्याकेजको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । बोलपत्रमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनुपर्नेछ ।

५. नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्र पूर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै बोलपत्रमा उल्लेख भएका सामानहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएतापनि बोलपत्रदाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । स्वीकृत बजेटको स्थिति अनुसार खरिद गरिनेछ ।

६. बोलपत्रदाताले आफुले खरिद गरेको बोलपत्र दर्ता गराउन पर्नेछ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै बोलपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन ।

७. स्वीकृत बोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिने छ । साथै सप्लाई गरीने सामानहरु उच्च गुणस्तर भएको हुनुपर्दछ ।

९. रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । साथै बोलपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र कार्यालयको माग बमोजिमका सामानहरु बुझाउनु पर्नेछ र बोलपत्रमा उल्लेखित केही अंश अथवा सम्पूर्ण सामानहरु बुझाउन नसकेमा सार्वजनिक खरिद सम्वन्धी ऐन, नियम वमोजिम नै कारवाही हुनेछ ।

१०. कार्यालयमा आपूर्ति गर्न सामानहरुको ढुवानी बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ । तथा सामान ढुवानी गर्दा उत्पन्न अन्य समस्या, टुटफुट सम्बन्धमा स्वंयम जिम्मेवार हुनुपर्नेछ ।

११. बोलपत्र फाराममा उल्लेखित प्याकेजवाइज आफूले खरिद गर्न चाहेको प्याकेज बमोजिमका प्रत्येक सामानको दररेट अनिवार्यरुपले भर्नुपर्नेछ । फर्म तथा सम्लायर्सले आफ्नो कारोवार गर्ने इजाजत भन्दा अन्य प्याकेजका सामानहरुको दररेट उल्लेख भएमा उक्त दररेटलाई मान्यता दिन कार्यालय जवाफदेही हुनेछैन ।

१२. सबैभन्दा कम बोलकवोल गर्ने उच्च गुणस्तरको मालसामान सप्लाइ गर्ने फर्म तथा सप्लायर्सको बोलपत्र स्वीकृत गरिनेछ । साथै तोकिएको स्पेसिफिकेशन बमोजिमका मालसामानहरु उपलब्ध गराउनु पर्ने र कम्प्युटर तथा ईलेक्ट्रोनिक्स सामानको वारेन्टी कम्तीमा एकवर्षको हुनुपर्नेछ ।

१३. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्रदाताले खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ ।

१४. उपरोक्त सर्त वाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलिन ऐन नियम वमोजिम हुनेछ । बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. खरिद गरिने सामानहरुको तपसिलमा उल्लेखित कुल लागत अनुमान **रु ३४,८२,००३।६।** ( **चौत्तीस लाख बयासी हजार तीन रुपैयाँ साठी पैसा मात्र मु.अ.कर सहित**) रहेको छ ।

<u>तपसिल</u>

| प्याकेज नं. | ठेक्काको विवरण | लागत अनुमान रकम भ्याट सहित रु. | धरौटी रकम रु. | दरभाउ पत्र फाराम दस्तुत रु. |
|---|---|---|---|---|
| १/०७७/०७८ | कम्प्युटर तथा ईलेक्ट्रोनिक्स सम्बन्धी मालसामानहरुको | ९,८४,७९५ | २९,५४३ | ३००० |
| २/०७७/०७८ | फर्निचर फिक्चर सम्बन्धी मालसामानहरुको | ९,४३,८१२.१ | २८,३१४ | |
| ३/०७७/०७८ | सरसफाई तथा किचेन सम्बन्धी मालसामानहरुको | २,१४,७५० | ६,४४३ | |
| ४/०७७/०७८ | छपाई सम्बन्धी मालसामानहरुको | ३,००,१८४.५ | ९,००६ | |
| ५/०७७/०७८ | स्टेशनरी सम्बन्धी मालसामानहरुको | १०,३८,४६२ | ३१,१५४ | |